गाउँसभाको १४ औं अधिबेसनमा अध्यक्ष प्यारीलाल शाही ज्यू बाट प्रस्तुत

आर्थिक बर्ष २०८२।०८३ को

# बार्षिक निती तथा कार्यक्रम

चंखेली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पिप्लाङ्ग,हुम्ला

कर्णाली प्रदेश नेपाल

**२०८२ असार १० गते मंगलबार**

" सुशासन र समृद्धि यसै सालमा, चंखेलीको विकास हाम्रै पालामा "

चंखेली गाँउपालिका उपाध्यक्ष ज्यू,  प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाँउ सभाका सदस्य ज्यूहरू कर्मचारी साथीहरु, पत्रकार बन्दु, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानभावहरू सर्वप्रथम चंखेली गाँउपालिका १४ औं गाँउसभा अधिवेशनमा हार्दिक स्वागत गर्दछु । चंखली गाँउपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ। यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय सुशासनको लागी नेपाली जनताले गर्दै आएको ऐतिहासक जनआन्दोलनहरूमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठीन परिस्थितिमा त्याग र नेतृत्व गर्नु हुने आदरणीय अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु। विपद् व्यवस्थापन र महामारी जन्य जोखिंमपूर्ण परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सम्पूर्ण जनप्रतिनिधि ज्यूहरू, कार्लायल प्रमुख लगाएत प्रशासनीक कर्मचारीहरू, महिला स्वास्थय स्वयंसेविका, सामाजिक सघं संस्था, निजि तथा ब्यावसायिक क्षेत्र, सञ्चारजगत तथा यस कार्यमा सहयोग पुर्याउनु हुने सम्पूर्ण महानुभावहरू लगाएत सम्पूर्ण गाउँपालिकावासीको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु।

चंखेली गाउँपालिकाको विकासका निम्ती, निती योजना तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरूमा सहयोग पुर्याउनु हुने उपाध्यक्षज्यू, सभाका सदस्य ज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत ज्यू ,लगाएत सवै राष्ट्रसेवक कर्मचारी र सम्पूर्ण गाउँपालिका वासी आमावुवा दाजुभाई तथा दिदिबहिनिहरूलाई स-धन्यवाद ज्ञापन गर्न चाहान्छु।

भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक विविधताका साथै उत्पादन र उत्पादकत्व एवं पर्यटकीय महत्वका दृष्टिले समेत अत्यन्त प्रचुर सम्भावना भएको गाउँपालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामु अझै पनि केहि चुनौतीहरु बाँकी नै छन्। विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहामां ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने पर्यटन विकासबाट प्राप्त लाभ लिई सबै क्षेत्रसम्म टेवा पुर्याउने, वनजंगलको संरक्षण गर्दै भुक्षय नियन्त्रण, विपद र वातावरणीय सन्तुलनलाई कायम राख्ने भौतिक पूर्वाधारको विकासमा अझै लगानी वृद्धि गरी सडक यातायात लगायत भवन संरचनाहरुको निर्माण विकास र विस्तार गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हाँसिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासन मैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने, न्यून तथा मध्यम स्तरको मानव विकासको अवस्थालाई सुधार गरी मध्यम तथा उच्च सक्षम व्यक्ति र गतिशिल समाज निर्माण गर्नु साथै सुखी र समृद्ध चंखेली गाउँपालिका बनाउने र मानव विकासको बाधकको रूपमा रहेको गरिवी र कुपोषण, हुन सक्ने विपद् जोखिम लगायत अन्य महामारी जस्ता चुनौतीहरु हाम्रो सामु रहेका छन् ।

नेपालको संविधानमा उल्लेखित मौलिक हक, निर्देशक सिद्धान्त तथा नीतिहरु,नेपाल सरकारको सोह्रौं आवधिक योजना,कर्णाली प्रदेश सरकारको दोस्रो आवधिक योजना , दिगो विकास लक्ष्य, नेपालले अन्तराष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धता,आर्थिक वर्ष २०८२।०८३ को संघ सरकार र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम रबजेट बक्तव्यलाई आत्मसाथ गरी चंखेली गाउँपालिकाको आ.व. २०८२।०८३ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

चंखेली गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पिपलाङ्ग हुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

पारिलाल शाही अध्यक्ष

उल्लेखित महत्वपूर्ण तथा ऐतिहासिक सफलताका कार्यहरूमा गाउँपालिकावासीले दिएको साथ सहयोग, अघात माया ममताबाट प्रेरित भई मैले चंखेली गाउँपालिकलाई कृषिमा आत्म निर्भर, सबै नागरिकहरूमा गुणस्तरीय स्वास्थ र शिक्षाको पहुँच पुगाउन तथा सबै गाउँवस्तीहरुलाई सडक संजालमा जोडिने र कुपोषण तथा गरिबी निवारणमा चंखेली गाउँ समृद्धि र उज्यालो बनाऔं भन्ने अभियान सञ्चालन गर्दै रोजगारी सिर्जना गरी सुखी चंखेली वासी र समृद्ध चंखेली गाउँपालिका बनाउने गरी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम गाउँ सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरबको अनुभूति गरेको छु।

भौगोलिक विकटता र विविधता दुवै रुपमा चित्रित, गरिवी, सामाजिक कुप्रथा, रुढिवादी परम्परा , अशिक्षा बेरोजगारी जस्ता थुप्रै समस्याहरुबाट ग्रसित चंखेली गाउँपालिकालाई यि समस्याहरुबाट मुक्त गराउन तथा जनताका आधारभुत आवश्यकतालाई क्रमिक रुपमा पुरा गर्दै लैजाने नीति अनुरुप देहाय अनुसारको क्षेत्रगत र समस्टिगत वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**अब म चंखेली गाउपलिकाको आ.व. २०८२/०८३ को उदेश्य संक्षेपमा प्रस्तुत गर्न चाहान्छु ।**

**नितिको प्रमुख उदेश्य :-**

- आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण गर्दै वेरोजगारी, भोकमारीको अन्त्य गर्दै शिक्षा,स्वास्थ्य, खानेपानी र भौतिक पूर्वाधारहरुको विकास गरी यस गाउँपालिकालाई विकासको बाटोमा अघि बढाउनु ।
- कृषि,पर्यटन,जडिबुटी र जलस्रोतको समुचित प्रयोग गरि सडक,पूर्वधार,शिक्षा,स्वास्थ्य र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गरिनेछ ।
- गाउँपालिका भित्रको भौगोलिक अवस्थालई मध्यनजर गर्दै गाउँपालिकाकको केन्द्र सम्म आवत जावत गर्न कठिनाई भएकाले पिप्लाङ्ग, देउली, वोहोरावाडा र रिमी सम्म साथै पिप्लाङ्ग,मेल्छाम चरीगाउँ हुँदै पुमा सम्म आवत जावत गर्न गाउँबस सेवा सर्व शुलभ रुपमा सञ्चालनमा ल्याईने लक्ष्य लिइएको छ ।

**यस सभाका उपाअध्यक्ष, सदस्य सचिव ज्यू, सभा सदस्य ज्यूहरू तथा उपस्थित महानुभावहरु,**

अब म आगामी आर्थिक बर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु।

**१) शिक्षा तथा खेलकुद :**

- दश वर्षिय शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याईने छ । शिक्षा योजनाको अवधि २०८२।०८३ देखि २०९१।०९२ सम्म लागु हुनेछ।.
- गाउँपालिकामा आधारभुत तह (कक्षा १ देखी ८ सम्म ) सम्मको स्थानिय पाठक्रम **हाम्रो चंखेली हाम्रो पहिचान** तयार गरी २०८३ बैशाख देखी कार्यान्वयनमा ल्याईनेछ ।
- **गुणस्तर सुधारका लागि शैक्षिक क्रान्तिः** विद्यालयका शिक्षक काज सरुवा, तहगत प्रधानाध्यापक व्यवस्थापन गरी परीक्षा प्रणालि मर्यादित तथा एकरुपता कायम गरी अब बन्ने नँया विद्यालयहरु पक्कि भवन तथा आधुनिक कक्षाकोठा ECD मा स्मार्ट टिभि, आधारभुत र माध्यमिक तहमा स्माट वोर्ड व्यवस्थापन गरी विद्यालयहरुलाई विद्यार्थि अनुपातमा प्रति विद्यार्थि लागतको आधारमा विद्यालयलाई अनुदानको व्यवस्था गरी विद्यार्थिको उल्लेखनिय सिकाई उपलब्धि हासिल गरिनेछ ।
- **"राष्ट्रका लागी खेल, स्वास्थ्यका लागी खेल"** भन्ने मुल नारा लाई मध्य नजर गर्दै चंखेली गाउँपालिका भित्र मनाईने विभिन्न चाडपर्वलाई मध्यनजर गरी सोही अनुरुप विभिन्न खेलकुद कार्यक्रम सन्चालन र

हिन्दुहरुको महान चाड वडा-दशैको पावन अवसरमा प्रत्यक वर्ष गाउँपालिका स्तरिय अध्यक्ष कप कार्यक्रम सन्चालन यसै आ.व. मा गरिनेछ।

- चंखेली गाउँपालिका भित्र रहेका गरिव, दलित, महिला,जनजाती ,दन्द्धपिडित, अपाङ्ग असाहे परिवारका जेहेन्दार छात्र, छात्राहरुलाई अध्यक्ष सम्मान कार्यक्रम सञ्चालन यसै वर्षमा लागु गरिनेछ ।
- यस गाउँपालिकाबाट उच्च शिक्षा हाँसिल गर्ने जेहन्दार, अल्पसंख्येक, गरिव तथा दलित वर्गका विद्यार्थीहरुलाई उच्च शिक्षा छात्रवृत्ति (इन्जिनियरिङ्ग, डाक्टर,पाइलट र चार्टड एकाउन्ट) जस्ता विषयहरु लाई पहिलो प्राथमिकतामा राखी उचित छात्रवृत्ति प्रदान गरिनेछ ।
- गाउँपालिका भित्रको भौगोलिक विकटतालाई मध्यनजर गर्दै दुरदराजका गाउँ,वस्तीहरुबाट विद्यार्थीहरुलाई विद्यालय सम्म आवत जावत गर्न कठिन अवस्था रहेकोले विद्यालय बस सेवा सञ्चालनमा ल्याइनेछ ।
- विद्यार्थिको व्यक्तिगत अभिलेख ( **प्रोफाइल** ) तयार गरी महिनाको अन्तिममा अभिभावक सहितको प्रगति समिक्षा गर्न विद्यालयलाई प्रोत्साहित गरीने छ । साथै न्युन सिकाई उपलब्धि भएका बालबालिकाहरुको सिकाई उपलब्धि वृदि गर्ने अतिरिक्त कक्षा संञ्चालन गरिनेछ ।
- यस चंखेली गाउँपालिका भित्र कार्यरत सम्पुर्ण स्थायी शिक्षकलाई (**TPD**) **शिक्षक पेशागत विकास तालिम** प्रदान गर्ने व्यवस्था मिलाईने छ ।
- यस गाउँपालिका भित्रका कक्षा ८, १० र १२ को परीक्षामा **उत्कृष्ट अंक** प्राप्त गर्ने जेहेन्दार विद्यार्थिलाई नगद पुस्कार सहित सम्मान गर्ने व्यवस्था मिलाईने छ ।
- विद्यालय बाहिर रहेका सवै बालबालिकाहरुलाई विद्यालयको पँहुच बढाउन **विद्यार्थि भर्ना** कार्यक्रमलाई थप व्यवस्थित बनाइने छ ।
- आर्थिक वर्ष २०८२।०८३ मा विद्यालयहरुमा सुचना प्रविधि पहुँच विस्तार गर्नका लागि प्रत्येक विद्यालयमा १-१ सेट Computer उपलब्ध गराइनेछ ।
- विद्यालयको प्रभावकारी सुपरीवेक्षण, अनुगमन, मुल्याङ्गन र पेशागत सहयोग गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

**२) स्वास्थ्य :-**

स्वास्थ्य एक बहुपक्षिय र बहु आयमिक बिषय हो, स्वास्थ्य क्षेत्रको बिकास र उपलब्धताले नै नागरिकको स्वास्थ्य निर्धारण गर्दै स्वास्थ्य समाज र स्वस्थ राष्ट्रको विकासको निर्धारण गर्दछ । यसै सन्दर्भमा यस स्वास्थ्य शाखाले सबै स्वास्थ्य सस्थाहरूबाट संकलन गरिएका यस गाउँपालिका र स्वास्थ्य सस्थामा अपनाएका बिभिन्न मापनहरू (न्युनतम सेवा मापदण्द, तथ्याकं बिश्लेषण, स्वास्थ्य कार्यक्रमको समिक्षाहरू र गाउँपालिकाको वस्तु स्थिति बिश्लेषण बिबरण) को आधारमा देखिएका सुधार गर्नुपर्ने पक्षका साथै आधारभुत स्वास्थ्य सेवा स्थानिय सरकारको दायित्व रहेकोले निम्न अपेक्षा सहित तपसिलका स्वास्थ्य योजना तयार गरि यस गाउँपालिका समक्ष पेस गरिएको छ ।

## स्वास्थ्य कार्यक्रम २०८२ ।०८२ ले निर्धारण गरिएको अपेक्षाहरू

- सङ्घीय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको ब्यवस्था गरी सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ
- **"अध्यक्ष-उपाध्यक्ष भेटौला, चंखेलीवासीका दुःख मेटौंला"** मूल नाराका साथ प्रत्येक दुई महिनामा स्वास्थ्य संस्थाहरुमा MDGP / MBBS डाक्टरहरुबाट जनरल OPD मा २९०० सय जना सेवा ग्राहीहरुले सेवालिएको देखिन्छ र आउने दिनमा यस कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थामा प्रसुती हुन आउने र स्वास्थ्य सस्थामा प्रसुती नसकी अन्यत्र अस्पतालमा रेफर गरिने गर्भवती महिला, वाढी/पहिरो, चटघाङ, सडक दुर्घटना जस्ता प्राकृतिक/गैर प्राकृतिक प्रकोपबाट घाइते तथा 'क' वर्गको अपाङ्गता भएका तथा असहाय र आर्थिक रुपमा विपन्न नागरिकहरुको अन्यत्र रेफर हुनु पर्ने अवस्थामा सुर्खेत सम्मको एम्बुलेन्स सेवा निःशुल्क हुने कार्यलाई निरन्तरता दिईनेछ .
- **सुरक्षित मातृत्व सुरक्षित जीवन "** भन्ने नारालाई मूलरुप दिन प्रत्येक स्वास्थ्य संस्था सुदृण गर्दै शुन्य होम डेलिभरीको लक्ष्यलाई पूर्ण कार्यन्वयन गरिने छ । ग्रमिण अल्ट्रासाउन्ड कार्यक्रमलाई सवै वर्थिङ्ग सेन्टरहरुमा निरन्तरता दिईनेछ । प्रजनन रुग्णता सेवा ३०० जना लाई दिएको आ.व. २०८२।८३ मा पनि यो सेवालाई निरन्तरता दिईनेछ ।
- **"आधारभुत स्वास्थ्यमा अधिकार जेष्ठ नागरिकको उचित स्याहार"** नारा सहित जेष्ठ नागरिकको स्वास्थ्य स्याहार प्रर्वधनका निम्ति घर घरमा गई चेक जाँच सहित निः शुल्क औषधि वितरण सेवा निरन्तरता दिईनेछ ।
- क्यान्सर लागेका, मुटुको शल्यक्रिया गर्नुपर्ने, मृगौलाको शल्यक्रिया वा डायलाइसिसका विरामी, प्यारालाइसिस जस्ता कडा रोग लागि उपचार गराउन आर्थिक अभाव भएका स्थानीयवासीको स्वास्थ्योपचारमा केही रकम सहयोग गर्दै स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक गतिविधि समेत सञ्चालन गर्ने उद्देश्यले **नागरिक उपचार सहायता कोष"** को स्थापना गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निःशुल्क औषधिहरुको उपलब्धतालाई सुनिश्चित गरिनेछ
- गाउँपालिका भित्र बाँकि रहेका सबै स्वास्थ्य सस्थाको भवन निर्माण गरिनेछ साथै खानेपानी र बिजुलि जडान गरि ब्यवस्थित गरिनेछ ।
- यस चंखेली गाउँपालिका सम्पुर्ण नागरिकलाई आ.व. २०८२/०८३ मा स्वास्थ्य बिमाको दायरा ल्याइने र आर्थिकरुपमा बिपन्न परिवारहरुको स्वास्थ्य बिमा गराई स्वास्थ्य बिमा कार्यक्रमलाइ प्रभाकारी बनाइने छ ।
- गाउँपालिका स्तरको महामारी, रोग नियन्त्रण तथा विपद् व्यवस्थापन आकस्मिक योजना बनाई कार्यन्वयन गरिने छ । साथै महामारी तथा प्राकृतिक प्रकोपको ब्यवस्थापन गर्न पालिका स्तरमा कोष स्थापना गरिनेछ ।
- **" औपचारिक शिक्षासँगै स्वास्थ्य शिक्षा "** भन्ने नाराका साथ विद्यालय नर्स कार्यक्रम लाई आ.व. २०८२।८३ सन्चालन मा ल्याईने छ ।

प्यारीलाल शाही
अध्यक्ष

- पुर्णखोप वडा/गाउँपालिका, पोषणमैत्री स्वास्थ्य संस्था / पोषणमैत्री स्थानीय शासन/तह तथा पूर्ण संस्थागत प्रसुती वडा/पालिका घोषणा गर्ने र घोषणा भैसकेकोलाई सुनिश्चितता गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- कोरोना भाइरस रोगको संक्रमण रोकथाम, उपचार र नियन्त्रणका लागि प्रदेश र सङ्घीय सरकारसँग समन्यव गरी खोप उपलब्ध गराइने छ ।
- गाउँपालिकाका बासीन्दालाई प्रदान गरिने स्वास्थ्य सेवालाई व्यवस्थित गरि थप गुणस्तरीय र प्रभावकारी बनाउन गाउँपालिकाले स्वास्थ्य नीति र स्वास्थ्य ऐन तर्जुमा गरी कार्यन्वयन गरिनेछ साथै आवश्यकता अनुसार नीति तथा ऐन परीमार्जन गर्दै लगिने छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको ब्यवस्था गरिनेछ ।
- यसै आ.व. २०८२/०८३ मा यस गाउपालिकामा पोषण सुधारका लागि नियमित रुपमा पोषणको लेखा जोखा गरी कुपोषित बालबालिकाहरुको उपचार गर्न गाउँपालिकाले व्यवस्था गर्नेछ ।
- पूर्णखोप दिगोपना सुनिस्चितता कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली तथा आपुर्ति ब्यवस्थापनलाई थप ब्यवस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थाहरु वाटै विध्दुतिय माध्यमबाट प्रतिवेदन प्रविष्ट गर्ने ब्यवस्था मिलाइनुका साथै तथ्याकंको गुणस्तर सुधारको लागि नियमित तथ्याकं गुणस्तर लेखाजोखा (Routing Data Quality Assessment-RDQA), न्यनतम सेवा मापदण्ड लेखाजोखा (Minimum Service Standard, MSS-Assessment) र समिक्षा कार्यलाइ ब्यवस्थित बनाइने छ ।
- न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार,औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।
- पाँच सैयाको अस्पताल सन्चालन मा ल्याईनेछ ।

**३) कृषि तथा पशुपंक्षी :**

- औषधी खरिद तथा वितरण (पशु पंक्षी रोग निवारण कार्यक्रम संञ्चालन गरिनेछ ।
- पशुपंक्षी पालन क्षेत्रमा देखापर्ने विभिन्न किसीमका रोगहरु जसले महामारीको रुप लिने र ठुलो पशुधनमा क्षति गर्ने भएकाले त्यसबाट कृषक वर्गमा क्षति नहोस भन्नका लागी माहामारी तथा आकस्मिक रोग नियन्त्रण कार्यक्रम संञ्चालन गरिनेछ ।
- रेविज रोग कुकुर हरुबाट मानिसमा सर्ने एक प्राणघातक रोग हो रेविज रोगको वारेमा आम जनसमुदायमा जनचेतना मुलक कार्यक्रम र गाउँपालीका भरीमा पालीएका कुकुरहरुलाई रेविज खोप अनिवार्य गर्नको लागी रेबिज रोग नियन्त्रण कार्यक्रम संञ्चालन गरिनेछ ।
- अत्याधुनिक प्रविधिसँग संगै कर्मचारीहरुमा क्षमता विकास गरी विभिन्न किसिमका तालीम दिई जस्तै आधुनिक ल्याव सेवा , प्रजनन विकृति, कृतिम गर्भाधानको तालीम गरी प्राविधिक कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम संञ्चालन गरिनेछ ।
- याक/चौरी नश्ल कायम गर्नका लागी याक/चौरी संरक्षण तथा सचेतना कार्यक्रम संञ्चालन गरिनेछ ।

- पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने रोगहरुको बारेमा आम चंखेलीवासी कृषकहरु र विद्यमलयमा मा.वि स्तरका विद्याथीहरुमा सचेतना गराई उक्त रोगहरुबाट बच्न अपनाउन पर्ने सावधानिका लागी जुनोटिक रोग नियन्त्रण कार्यक्रम संञ्चालनमा ल्याईने छ ।
- कृषकहरुलाई कृषि पेशामा आकर्षित र कृषि पेशालाई सम्मानित गर्नकालागी कृषक सम्मान कार्यक्रम संञ्चालन ल्याईने छ ।
- पशुहरुमा देखा पर्ने आन्तरिक र वाह्य परजिवि नियन्त्रण तथा विभिन्न प्रकारका रोग नियन्त्रण र प्राविधिक परामर्श कृषकहरुको घरदैलोमा पुर्याउनको लागी पशु स्वाथ्य शिविर संच्चालन गरीनेछ ।
- गोवरमल तथा पशुमुत्रमा भएको विरुवालाई चाहिने खाध्यतत्व संरक्षण गरी प्राङ्गारीक उत्पादनमा टेवा पुर्याउनको साथै पशुबस्तुलाई स्वच्छ र सफा वातावरणमा बस्न सहजताको लागी गोठ तथा भकारो सुधार र पशुमलमुत्र कार्यक्रम सञ्चालनमा ल्याईने छ ।
- “ गाउँगाउँमा भैसीपालन सुत्केरी भैसी सम्मान कार्यक्रम “ भन्ने मुल मर्मलाई आत्मासाथ गर्न भैसी सुत्केरी भत्ता कार्यक्रम सञ्चालन गरीने छ ।
- आधुनिक, प्राविधिक, ब्यवसायिक र वैज्ञानिक तरीकाले भेडा, बाख्रा पालन र कुखुरा पालन गरी उत्पानकत्व बढाउन र कृषको आय आर्जन वृद्धि गर्न कृषकहरुलाई आधुनिक र ब्यवसायिक भेडा बाख्रा र कुखुरा पालन तालीम प्रदान गरीने छ ।
- एक गाँउ एक कृषि प्राविधिक कार्यक्रम अन्तर्गत चंखेली गाउँपालिकामा कार्यरत २ जना प्राविधिक कर्मचारीको तलव भत्ता संघिय सरकारले ४०% मात्र हालेको हुदा बाँकी ७ महिनाको तलव भत्ता, महंगि भत्ता र पोसाक भत्ता यस चंखेली गा.पा. ले ब्यवस्था गर्ने छ।
- स्याउ प्रशोधन तथा ब्यवसायिकिकरण कार्यलाई विशेष प्राथमिकतामा रखिने छ।
- जैविक मल तथा विषादि प्रयोग सम्बन्धि तालिम संचालन कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिने छ।
- फलफुल खेति कार्यक्रम अन्तर्गत किवि खेतिलाई विशेष प्राथमिकता मा राखिनेछ ।
- ओखर तथा अन्य तेलहन बाली प्रशोधनका लागि साना उद्योगको स्थापना गरिनेछ ।
- माटो परिक्षण कार्यक्रम लाई प्राथमिकता दिईने छ ।
- मौरीपालन कार्यक्रम लाई प्राथमिकता दिईने छ ।
- एक गाँउ एक सुधारिएको बिउको बिरुवा वितरण कार्यक्रमलाई विशेष प्राथमिकता दिईने छ।
- एक गाँउ एक नमुना फलफुल बगैचा स्थापना कार्यक्रमलाई प्राथमिकता दिईने छ।
- भुगोल, माटो जलवायु तथा वातावरण अनुकुल हुने कृषि जन्य उत्पादनहरु र जडीबुटि खेतिको क्षेत्र पहिचान गरि प्रोत्साहनका कार्यक्रमहरु ल्याइने छ।
- रैथाने वाली उत्पादन तथा संरक्षण कार्यक्रमलाइ प्रथामिकता दिइने छ।
- पुष्प खेति कार्यक्रम संचालन गरिने छ।
- कृषि मेला पर्दशनी कार्यक्रम संचालन गरिने छ साथै उत्कृष्ट कृषकहरुलाइ पुरस्कार तथा भ्रमण जस्ता कार्यक्रमहरु संचालन गरिने छ।

**४) महिला बालबालिका, समाज कल्याण, लैङ्गिक समानता र सामाजिक समाबेशीकरण :**

- महिला हिंसा, घरेलु हिंसा तथा लैंगिक हिंसा अन्त्यका लागि समुदाय स्तरमा बहस, पैरवी तथा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- बालबालिकामाथिको दुर्व्यवहार, छुवाछुत, जातिय भेदभाव, वलत्कार, लागूपदार्थ दुर्व्यसन, छाउपडी, मानव बेचविखन जस्ता सामाजिक हानिकारक अभ्यासहरुको न्यूनिकरणका लागि चेतनामुलक तथा प्रचारप्रसार कार्यक्रम संचालन गरिनेछ ।
- बालमैत्री, बालविवाहमुक्त, बालश्रममुक्त गाउँपालिका घोषणा गर्न अभियानात्मक प्रचारप्रसार तथा सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- पालिकाभित्रको अनाथ, असहाय तथा जोखिममा परेका बालबालिकाको लागि व्यवस्थापन तथा सहजिकरण गर्नका लागि स्थानीय बालकोष स्थापना गरी व्यस्थापन तथा सञ्चालन गरिनेछ ।
- वडा तथा पालिका स्तरिय बाल क्लव, वडा र पालिका स्तरिय महिला समूह गठन र बाल क्लव तथा महिला समूहको पदाधिकारीहरुको क्षमता विकास तथा अभिमुखिकरण लागि आवश्यक कार्यक्रम संचालन गरिने ।
- वडास्तरिय बाल अधिकार समिति र पालिका स्तरिय बाल अधिकार समिति गठन गरी बाल बालिकाको हकहितका कार्य गरिनेछ ।
- पालिका स्तर मा अपाङ्गता शिविर सञ्चालन गरी छुट भएका अपाङ्गता भएका व्यक्तिको पहिचान गरि परिचयपत्र वितरण तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
- दलित, विपन्न, एकल तथा हिंसापिडित महिलाहरुको आर्थिक सशक्तिकरणका लागि जिविकोपार्जन तथा सीपमुलक कार्यक्रम संचालन गरिनेछ ।
- पालिकाभित्र स्थायी रुपमा बसोबास गर्ने ज्येष्ठ नागरिकहरुका लागि वडा समितिको सिफारिसमा ७० बर्षमाथिको ज्येष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- महिला, बालबालिका तथा लक्षित समूहलाई प्रोत्साहनका लागि महिला हिंसाविरुद्ध १६ दिने अभियान, नारी दिवस, महिला हिंसा विरुद्धको दिवस, बालश्रम विरुद्धको कार्यक्रम, तिज विशेष कार्यक्रम लगायत कार्यक्रममा बजेटको व्यवस्था गरिनेछ ।
- लैंगिकसशक्तिकरण, समावेशिकरण, लैंगिक मूलप्रवाहिकरण, क्षमता विकास तथा आर्थिक सशक्तिकरणका कार्यक्रमहरु गरिनेछ ।
- पालिकामा रहेका एकल, विपन्न, महिला, अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक विकास तथा क्षमता विकासका लागि सिपमुलक तालिमहरु संचालन गरि आर्थिक रुपमा सक्षम गराइनेछ ।

**५. न्यायिक :**

- प्रत्येक वडा तहमा अनिवार्य रुपमा मेलमिलाप केन्द्र स्थापना गरी सञ्चालन गरिने छ ।
- लैंगिक हिंसा, घरेलु हिंसा, बाल अधिकार, मानव अधिकार, बालबालिका संरक्षण आदि विषयमा सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- न्यायिक समितिका सदस्यहरुलाई कानूनी तथा प्रक्रियागत तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- समाजमा सचेतना अभिवृद्धिका लागि "न्याय सँग संवाद" कार्यक्रम, कानूनी सचेतना र नागरिक सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथामिकतामा राखी न्यायीक सेवा दिइनेछ ।
- यस गाउँपालिकामा ८ कार्यदिने (४८ घण्टा) मेलमिलाप सम्बन्धि तालिम लिएका व्यक्तिहरुलाई मेलमिलापकर्तामा सुचिकृत गरिनेछ ।
- मुद्दा दर्ता, सुनुवाई तथा निरुपणमा पारदर्शिता कायम गरिनेछ ।
- प्रहरी,वकिल, अदालत, सामाजिक संघसंस्था, स्वास्थ्य, शिक्षा, एकल महिला समूहसँग समन्वय तथा स्थानीय तहको अन्य शाखाहरुसँग न्याय सम्बन्धी सहकार्य गरिनेछ ।वडा स्तरमा न्यायिक उत्कृष्टता पुरस्कार तथा प्रशंसा कार्यक्रम सञ्चालन गरिने छ ।
- न्यायिक मूल्याङ्कन समिति गठन गरि कार्यान्वयनको अनुगमन, प्रतिक्रिया संकलन, सुधार र सुझावहरु संकलन गरि सुधार्दै लगिनेछ ।

**६. भौतिक पूर्वाधार विकास :**

- नेपाल भूकम्प जोखिममा रहेको विश्वको ११ औं मूलुक हो । हाम्रो क्षेत्र पनि भकूम्पको उच्च जोखिममा छ । भवन लगायतका भौतिक संरचनाहरु भकूम्प प्रतिरोधी बनाउन आवश्यक छ । यसका लागि राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्डको कडाइपुर्वक कार्यन्वयन गरिनेछ । नक्सा पास नगरी निर्माण भइरहेका भवनको अनिवार्य रुपमा अभिलेखीकरण गर्ने व्यवस्थालाई थप प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।
- यस चंखेली गाउँपालिकामा आगामी आ.व. २०८२-०८३ मा विकास निर्माणका आयोजनाहरुको पहिलो ३ महिना भित्र लागत अनुमान तयार गरि योजना निर्माण सम्झौता गर्ने व्यवस्था मिलाइने छ ।
- नेपालका लागि भारतिय राजदुतावाससँगको सहयोगमा निर्माणको प्रारम्भिक चरणमा रहेको चंखेली गाउँपालिका स्थानीय गौरवको आयोजनाको रुपमा रहेको नेपाल भारत मैत्री ५(पाँच) शैया को अस्पताल यसै आ.व.मा निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइने छ ।
- गाउँपालिका केन्द्र देखि वडा नं ५ नेप्काको वडा कार्यालय सम्म मोटरबाटो आवश्यक रहेकाले सो मोटर बाटो निर्माणका लागि उचितव्यवस्थाका लागि सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराई विशेष पहल कदमी गरीने छ ।
- चंखेली गाउँपालिका भित्र हुने निर्माण योजनाहरु को अनुगमनलाई बढी प्रभावकारी बनाउन नियमित रुपमा त्रैमासिक गाउँ पालिका स्तरीय अनुगमन समिति द्वारा अनुगमनको निरन्तरता दिनुको साथै वडा स्तरीय अनुगमन समिति गठन गरि योजनाहरुको नियमित रुपमा वडा स्तरीय अनुगमन समेत गरिनेछ ।
- गाउँपालिका भित्रका सम्पुर्ण निर्माण योजनाहरुको गुणस्तर सुनिश्चता प्रभावकारी बनाउन हरेक योजनाहरुमा प्रर्याप्त प्राविधिक जन शक्ती हरुको उचित व्यवस्थापन गरिने छ ।
- गाउँपालिका भित्रका सम्पुर्ण निर्माण योजनाहरुको QUALITY ASSURANCE PLAN (QAP) बनाई निर्माण समाग्री तथा निर्माण इकाईहरुको Quality Maintain गर्न Lab Testing गरिनुको साथै फिल्डमा चाहिने अन्य Testing Machine/Equipment को व्यवस्था गरिनेछ ।
- पालिका भित्रका सम्पुर्ण निर्मित तथा नयाँ निर्माण गर्ने घरको गुणस्तर कायम राख्न निर्माण भई सकेको घरको अभिलेखिकरण तथा नयाँ निर्माण हुने घरको गाउँ पालिकाबाट नक्सा पास गर्नुपर्ने अनिवार्य

भएकोले सो कार्यको लागि चाहिने भवन निर्माण आचार संहिता तथा अभिलेखिकरण को कार्यविधि यसै गाउँ सभा बाट पारित गर्ने व्यवस्था मिलाइने छ ।

- चंखेली गाउँपालिका भित्रका योजना हरुको लागि गठित उपभोक्ता समितिहरुलाई योजना सम्बन्धी सम्पुर्ण कामको जानकारी हुन गठित सबै उपभोक्ता समितिहरु लाई अभिमुखिकरण कार्यक्रमको व्यवस्था मिलाईने छ ।
- यस गाउँ पालिका भित्र रहेको दक्ष तथा अदक्ष श्रमिकहरु लाई दक्ष्य बनाउँन उचित Masson Training को व्यवस्था मिलाइने छ ।

**७) वन बाताबरण तथा विपद :**

- गाउँपालिका भित्र हुन सक्ने विपद् व्यवस्थापनका लागि पुर्वतयारी, विपद पर्तिकार्य तथा व्यवस्थापन, क्षेति न्युनिकरण तथा उद्धार लगायतका विषयहरुलाई समेटी पूर्व तयारी गरिनेछ र क्षतिग्रस्त नागरिकलाई तत्काल उद्धार तथा राहतका लागि विषेश पहल गरिनेछ ।
- वन तथा वातावरण जोगाउन तथा घरभित्रको धुवाँ नियन्त्रण गरी भान्छामा काम गर्ने महिलाहरुको स्वास्थ्यमा पर्ने असर न्युनीकरण गर्न सुधारीएको चुलो बनाउने तथा विद्युतीय चुलो जडान गर्ने कार्यलाई प्रोत्सहान गरिनेछ ।
- दैवी प्रकोपमा अति जोखिममा परेका नागरिकहरुलाई आवश्यक व्यवस्थापन गर्न पहल गरिनेछ ।
- विपद व्यवस्थापन प्रतिकार्य योजना निर्माण गरी सो बमोजिम कार्यक्रमहरुलाई वार्षिक रुपमा कार्यन्वयन गर्दै लगिनेछ ।
- आगमी आ.व. २०८२।०८३ लाई पछिल्लो ३० बर्ष यता कै विपद उच्च जोखिममा रहेको कुरा जल तथा मौसम विज्ञान विभागले अनुमान गरेको हुँदा सो सम्बन्धमा उच्च सतर्कता अपनाउँदै विपद जोखिम न्यूनिकर तथा रोकथामका लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापनलाई उच्च प्राथमिकता दिइने छ ।

**यस सभाका उपाध्यक्ष, तथा सभा सदस्य ज्यूहरु**

**८) खानेपानी तथा सरसफाई :**

- खानेपानी आयोजना सञ्चालन गर्नु पूर्व खानेपानीका मुहान अनिवार्य दर्ता गराउने ब्यबस्था गरिनेछ र खानेपानी आयोजनाहरुको मुहान सफा गर्नुको साथै खानेपानी शुद्धता परिक्षणको लागी आबश्यक व्यवस्था गरिनेछ।
- चंखेली गाउँपालिकामा खानेपानी समस्याको दिर्घकालिन समाधानका लागी गाउँपालिका स्तरीय बृहत खानेपानी निर्माण कार्यको पहल गरिनेछ।

**९) लघुउद्यम बिकास :**

- गरिबि निवारणका लागी लघुउद्यम बिकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ बमोजिम लघुउद्यम बिकास मोडलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ।
- स्थानीय स्तरमा उपलब्ध हुने सिजनल फलफुलहरु जस्तै : ओखर,चुली,खामो,ढुटेलो जस्ता तेलजन्य फलफुलहरु तेल प्रशोधित गरी स्थानीय स्तरमा नै उक्त तेललाई खान र बजारीकरण गर्न सहजिकरण गरिनेछ ।
- लघु उद्यम बिकास कार्यक्रम अन्तर्गत आगामी आर्थिक बर्ष भित्र कम्तीमा ५० जना लाई ६२ दिने सिपबिकास तालिम दिई दक्ष जनशक्तिको उत्पादन गरिनेछ।

प्यारीलाल शाही
उपाध्यक्ष

१०) **बहुक्षेत्रिय पोषण कार्यक्रम :**

- संस्थागत सुत्केरी आमाहरुलाई पालिका अध्यक्ष, उपाध्यक्ष कोसेली कार्यक्रम पोषण झोला वितरण गरिने छ ।
- गर्भवती सम्मान, भेला, घुम्ती, भिडियो एक्स -रे सेवा सञ्चलान गरिने छ ।
- सबै गर्भवती आमाहरुको "घर-घरमा झण्डा र हातमा अण्डा" कार्यक्रम सञ्चालन गरिने छ ।
- सुनौला हजार दिनका आमाहरुलाई आयआर्जन कार्यक्रम सञ्चालन गरिने छ ।
- एक वडा एक पोषणमैत्री नमूना गाउँ घोषणा कार्यक्रम र पोषणमैत्री गाउँ, टोल र पोषणमैत्री वडा घोषणा कार्यक्रम सञ्चालन गरिने छ ।
- एक वडा एक पोषण दूतका लागि किशोरी कार्यक्रम साथै कुपोषण पहिचानका लागि समुदाय स्तरमा पोषण लेखाजोखा कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- एक गर्भवती एक फलफूलको विरुवा वितरण कार्यक्रम ।
- सासू बुहारी र श्रीमान, श्रीमती अन्तरक्रिया कार्यक्रम ।

११) **संचार :**

- कार्यालयमा E-Governance र E- हाजीरी प्रणालीको विकास गर्न आवश्यक पूर्वाधारको पहल गरिनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवा पारदर्शी, छिटोछरितो र प्रभावकारी बनाउन शाखा तथा वडा कार्यालयहरुमा थप स्फटवेयरहरुको प्रयोगका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।
- व्यवस्थित टेलिफोन तथा इन्टरनेट सेवाका लागि सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराइनेछ ।
- विकाससँग संचार र संचारसँगै विकासको अवधारणालाई आत्मसाथ गरिनेछ ।

**<u>यस सभाका उपाध्यक्ष, सदस्य सचिव ज्यू तथा सभा सदस्य ज्यूहरू</u>**

१२) **संस्थागत विकास तथा सेवा प्रवाह :**

- गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका शाखा र वडा कार्यालयहरुको दरबन्दी संरचनाका लागि संघीय सरकार तथा प्रादेशिक सरकार संग संगठन र विकास (O&M) सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरि सोही अनुरुप पदपुर्ती, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा बृत्ती विकास प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- चंखेली गाउँपालिकाको दिर्घकालिन रणनीति सहितको पहिलो पञ्चवर्षिय योजना चालु आ.व.२०८१/८२ मा अन्त्य भए संगै उक्त आवाधिक योजनाको समिक्षा गरि आगामी आ.व. २०८२/८३ देखि लागु हुने गरी चंखेली गाउँपालिकाको दोस्रो पञ्चवर्षिय योजना(आ.व. २०८२/८३ देखि २०८६/८७) तयार गरी आगामी आ.व. बाटै लागु एवं कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्रका सम्पुर्ण शाखा तथा कार्यालयहरुमा कार्यरत कर्मचारीहरु द्वारा सम्पादन हुने कामकारवाही र सेवा प्रवाहको उचित मुल्याङ्कन गरि उत्कृष्ट कर्मचारी छनौट गरि पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईने छ।
- नागरिकहरुको सार्वजनिक सेवामा सरल र सहज पहुँच स्थापित गर्न गाउँपालिका कार्यालय र मातहतका शाखा तथा वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्र अनिवार्य खडा गरिनेछ ।

- पालिका भित्रको सुरक्षा तथा विपदको अवस्थामा खोज तथा उद्धार कार्यलाई सहजिकरण गर्न गाउँपालिकाले बनाएको मापदण्डका आधारमा पालिका/गाउँ प्रहरीहरुको नियुक्ति गरिनेछ ।
- चंखेली गाउँपालिका भित्र ईन्टरनेट, टेलिफोन तथा टेलिभिजन सेवाको पहुँच तथा गुणस्तर अभिबृद्धी गर्न नेपाल टेलिकम, नेपाल टेलिभिजन लगायतका सेवा प्रदायकहरु संग विषेश पहल गरिनेछ ।
- न्यायीक समितिको संस्थागत क्षमता अभिबृद्धी गर्न आवश्यक पुर्वाधार विकास र जनशक्ति व्यवस्थापनमा पहल गरिनेछ र सो का लागि चंखेली गाउँपालिका न्यायिक समितिले विवादको समाधान तथा किनारा लगाउन आवश्यक पर्ने ऐन बनाई लागु गरिनेछ ।
- चंखेली गाउँपालिका अन्तर्गतका हरेक शाखा तथा कार्यालयहरुमा रहेका जिन्सी सम्पत्तिहरुको हरेक ३-३ महिनामा अनुगमन गरि सो को प्रतिवेदन तयार गरि अभिलेख राखिनेछ।
- सार्वजनिक खरिदलाई सु-व्यवस्थित गर्न सार्वजनिक खरिद ऐन, २०६३ र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले दिएको स्थानीय तहले नियम बनाउन सक्ने अधिकार प्रयोग गरि सार्वजनिक खरिद ऐन,२०६३ को अधिनमा रही चंखेली गाउँपालिकाको सार्वजनिक खरिद नियमावली जारी गरि लागु गरिनेछ।
- नेपाल सरकारको पेपरलेस गभर्निङ सिष्टम तथा डिजिटल नेपाल अभियानलाई आत्मसाथ गर्दै यस गाउँपालिकालाई आगामी आ.व. बाट पुर्णरुपमा पेपरलेस र डिजिटल बनाउन हरेक शाखा तथा कार्यालयहरूमा आवश्यक कम्प्युटर र अन्य विद्युतिय उपकरणको प्रबन्ध गरिनेछ ।
- चंखेली गाउँपालिकामा विगतमा अभिलेख राखिएका वा नराखिएका सम्पुर्ण सम्पत्तिहरुको पहिचान गरि अभिलेख राखिएका मालसामानको हकमा अभिलेखमा राखिएको विवरणको आधारमा र अभिलेख नै नभएका मालसामानहरुको हकमा आर्थिक प्रशासन शाखाबाट खरिद भएको श्रेस्ता विवरणका आधारमा आगामी आ.व. को पहिलो ६ महिना भित्र PAMS मा अन्य मौजुदा प्रविष्टि गरिनेछ ।
- चंखेली गाउँपालिका अन्तर्गतका शाखा/कार्यालयहरु बाट खरिद गरिने सबै प्रकारका खरिदलाई एकिकृत र व्यवस्थित गरि खरिद कार्यमा हुने अनियमितता रोक्न आगामी आ.व. देखि सार्वजनिक खरिद ईकाई र मुल्याङ्कन समिति गठन गरि खरिदमा एकद्वार प्रणालीको निति अवलम्वन गरिनेछ ।
- चंखेली गाउँपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई सार्वजनिक सम्पत्तिमा जिम्मेवार र जवाफदेही बनाउन आगामी आ.व. मा “सार्वजनिक सम्पत्ति, मेरो दायित्व” विषयक अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानिय तह संस्थागत क्षमता स्व मुल्याङ्कन (LISA) , स्थानिय तह बित्तिय सुशासन तथा जोखिम मुल्याङ्कन प्रणाली (FRA) र स्थानिय आर्थिक बिकास मुल्याङ्कन प्रणाली (LED) लाई थप ब्यबस्थित गरिनेछ।
- स्थानीय दर रेट तथा जग्गाको मुल्य निर्धारण गरी अनुमोदनका लागि जिल्लामा पठाइने व्यवस्था गरिनेछ
- यस गाउँपालिकाको आर्थिक ऐन अनुसार सम्पूर्ण ब्यवसाय र लघु जलविद्युत आयोजनामा न्युनतम शुल्क लगाई यसै आ. ब. बाट करको दायरामा ल्याईने छ ।विभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजश्व संकलन गरिनेछ ।
- गाउँपालिकाको वस्तुगत विवरण (पालिका प्रोफाइल) लाई अध्यावधिक गरिनेछ ।
- वडाहरुमा प्रशासनिक तथा पूजिगत बजेट नीतिगत मापदण्डका आधारमा विनियोजन गरिनेछ । दामासाही किसिमले बजेट विनियोजन गर्ने प्रवृतिलाई अन्त्य गरिनेछ ।

**यस सभाका उपाध्यक्ष , सदस्य सचिव ज्यू तथा सभा सदस्य ज्यूहरू**

**१३) रोजगार**

- नेपालमा उपलब्ध रोजगारीका अवसरमा नेपालीलाई संलग्न गराउन सिप तथा क्षमताको विकास तथा स्तरउन्नतिका लागि सहकार्य र समन्वय गर्न श्रमशक्तिलाई स्थानिय श्रमबजारको माग बमोजिमको सिप तथा क्षमता अभिवृद्धि गर्न " सिप सिकौ रोजगार बनौ" कार्यक्रम सञ्चालन गरिने छ।
- श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गत श्रमिकहरुलाई सम्मान, जीवनोपयोगी सिप विकासका कार्यक्रमहरु सञ्चालन, र समाजका प्रतिष्ठित व्यक्तिलाई सार्वजनिक कार्यहरुमा सहभागि गराई रोजगार सानो ठुलो हुदैन भन्ने सचेतना जगाउने अभियान सञ्चालन गरिनेछ ।
- आ.ब २०८२।०८३ मा स्थानिय स्तरमा रोजगारिको प्रबर्धनमा लागी सार्वजनिक निमार्ण कार्यहरूमा सम्भव भए सम्म श्रममूलक प्रबिधि प्रयोग गरि रोजगारी सिर्जनामा जोड दिईनेछ। बेरोजगार ब्यक्तीहरूको तथ्याङ्क संकलन तथा बिष्लेषण गरि रोजगार सुचना ब्यबस्थापन प्रणालीमा बेरोजगारहरूको सूची अध्याबधिक र ब्यबस्थित गरिनेछ।
- संघ र प्रदेशबाट ल्याइएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र बिस्तार गरिनेछ। गरिवी न्युनीकरण तथा रोजगारीका अबसर बृद्धि गर्न पहल कदमी चालिने छ।
- रोजगार सेवा केन्द्रलाई गाउँपालिका भित्र सबै वडामा सहज रुपमा समन्वय गर्नका लागी वडा स्तरमा अभिमुखिकरण तालिम सञ्चालन गरिने छ ।
- आउदो आर्थिक बर्ष बाट EMIS मा दर्ता भएका सुचिकृत बेरोजगारहरुलाई मात्र काममा खटाइने छ ।
- आउदो आर्थिक बर्षमा रोजगार सेवाकेन्द्रलाई स्थानिय तहले रोजगारिका क्षेत्रमा गर्न सक्ने सामाजिक र आर्थिक अवस्था बेरोजगारिको समस्यालाई दिर्घकालिन रुपमा सम्बोधन गर्न वर्तमान रणनिती तथा कार्यक्रमहरु कार्यन्वयनमा जोड दिइने छ ।
- रोजगार साहायक र प्राविधिक साहायकको लागि आर्थिक वर्ष २०८१-२०८२ सम्म आइ.डि.ए.को बजेट मार्फत तलब सुनिश्वत भएको थियो तर आ.व २०८२-२०८३ को लागि स्थानिय सरकारबाट बजेट सुनिश्चत गरिने छ ।

१४) **पंजिकरण :**

- सामाजिक सुरक्षा भत्ता प्राप् गर्ने लाभग्राहीहरुको नविकरण तथा नयाँ निवेदन दर्ता राष्ट्रिय परिचयपत्रमा आधारित वायोमेट्रिक भेरिफिकेसन डिभाइस अनिवार्य गर्ने नेपाल सरकारको निर्णय बमोजिम वडा नं १ देखि वडा नं ६ सम्मका लागि वायोमेट्रिक भेरिफिकेसन डिभाइस सञ्चालनका लागि बजेट व्यवस्थापन गरिनेछ ।
- एम.आइ.एस अपरेटर र १ (एक) जना फिल्ड सहायकको ६ महिना बापतको पारिश्रमिक गाउँपालकाबाट व्यवस्थापन गरिनेछ ।
- सम्पूण जनप्रतिनिधि र कर्मचारीहरुलाई ब्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा भएका नितिगत र कानुनी ब्यबस्थाको बारेमा जिल्ला प्रशासन कार्यालयको समन्वयमा क्षमता विकास तालिम संञ्चालनको व्यवस्था गरिने छ ।

**१५) लेखाङ्कन तथा लेखा परिक्षण :**

लेखाङ्कन आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक सुनुवाई सामाजिक परिक्षण अन्तिम लेखा परिक्षण तथा बेरुजु फछ्र्यौट र सुचना तथा संचार व्यवस्थापन गाउँपालिकाको आर्थिक कारोबारहरुको प्रचलित कानुन अनुसार चुस्तदुरुस्त लेखाङ्कन गर्न लगाईनेछ । र नियमानुसार आ.ले.प. र म .ले.प. गरी बार्षिक क्रियाकलापहरु तथा आय व्ययको विवरण आर्थिक मसान्त सकिए लगत्तै यथासिघ्र सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाईनेछ ।

**<u>यस सभाका उपाध्यक्ष ज्यू , सदस्य सचिव ज्यू, सभा सदस्य ज्यूहरू,</u>**

यस चंखेली गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनु हुने साथै यस गाउँपालिकाको आ.व. २०८२।०८३ को बार्षिक निती तथा कार्यक्रम तयारी क्रममा बिभिन्न चरणमा आफ्नो सुझाव सल्लाह र सहयोग गर्नुहुने गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू ,वडा अध्यक्ष ज्यूहरु, गाउँकार्यपालिका सम्पूर्ण सदस्य ज्यूहरू, गाउँसभा सदस्य ज्यूहरू, गाउँपालिकाका बिभिन्न शाखाका प्रमुख लगायत कर्मचारी ज्यूहरू, राजनितिक दलका प्रतिनिधिहरू बिभिन्न गैर सरकारी संस्थाका प्रतिनिधी ज्यूहरू, नागरिक समाज, पत्रकार मित्र तथा सुरक्षाकर्मी मित्रहरू लगायत चंखेली गाउँपालिकाका सम्पूर्ण जन समुदायमा समेत हार्दिक आभार ब्यक्त गर्न चाहान्छु ।

**धन्यबाद।।।**